# घरबाट पढ्ने

थप जानकारीका लागी, हेर्नुहोस
**ourlearning.sa.edu.au**



Government of South Australia
Department for Education

# तपाईंका बच्चाहरूसंग पढ्ने

पढ्ने सिप जहिलैको महत्त्वपूर्ण हो - आज यो सदाको भन्दा झन महत्त्वपूर्ण छ। तपाईंले आफ्नो बच्चासंग पढ्ने गरेर घरमा एउटा साक्षरताको महल सृजना गर्न सक्नुहुन्छ।

बच्चाहरूले साझा पढ्ने अनुभवहरूबाट, साथै पढाईमा निर्देशनको माध्यमबाट साक्षरता विकास गर्छन्। यी दुवै चीजहरू बच्चाहरूलाई अस्खलित पाठक बन्नको लागि महत्त्वपूर्ण छ।

पढ्न सिक्दै गरेका बच्चाहरुलाई मद्दत गर्न तपाईंले घरमा के गर्न सक्नुहुन्छ भन्ने तथ्य यो पानामा वर्णन गरिएको छ।

## विद्यालयहरूबाट सहयोग

तपाईंले आफ्नो बच्चाको शिक्षकको ठाँउ लिनु आवश्यक पर्दैन। तपाईंको बच्चालाई घरमा पढ्ने अभ्यास गराउन उनीहरूले तपाईंलाई पुस्तक र स्रोतसाधन दिएर सहयोग गर्छन्। यिनिहरुमा अक्षर, ध्वनि र शब्दहरू मिलेका हुन्छन जुन तपाईंको बच्चालाई सिकाईएको हुन्छ।



## तपाईंको बच्चालाई घरमा पढ्न कसरी मद्दत गर्ने

तपाईंको बच्चालाई पढाउँदा उनीहरू स्कूल जान नथालिकन र थालेपछी उनीहरूको सिकाईमा मद्दत पुग्छ। यदि तपाईंको बच्चा पढ्न जान्ने भएकोछ भने, तपाईं उनीहरूले पढेको सुन्न सक्नुहुन्छ, वा उनीहरू सँगै पढ्न सक्नुहुन्छ। यी परिवारसँग नियमित र सान्त्वनादायी सम्पर्क सिर्जना गर्ने उत्तम तरिकाहरू हुन्। यो रमाईलो पनि हुन्छ।

साना बच्चाहरूका लागि, उनिहरुलाई पढाएको वा तपाईंले पढेको देखेर निम्न कुरामा सहयोग पुग्छ:

- भाषाको बारेमा बुझ्न
- पढ्नु किन महत्त्वपूर्ण रहेछ भन्ने जान्न
- पढ्ने तर्फ प्रारम्भिक कौशलको विकास गर्न।

### भर्खर पढ्न थालेका बच्चाहरू

भर्खर पढ्न सिक्दै गरेका बच्चाहरूलाई, तपाईंले निम्न कुरा बुझाउन ध्यान दिन सक्नुहुन्छ:

- पुस्तक कसरी समाउनु पर्छ भन्ने
- पुस्तकमा लेखेको भाग पढ्ने अंश हो भन्ने
- बायाँ देखि दायाँ पढ्नु पर्छ भन्ने
- वाक्यहरू शब्द र विराम चिह्नबाट बनेका हुन्छन् भन्ने।

बच्चालाई पढ्ने लगायत दैनिक गफगाफ र गतिविधिहरूमा समावेश गर्नुहोस्। उदाहरणका लागी, कथा सुनाउने, लेखे अनुसार खानाको परिकार बनाउने, सौदा गर्ने सूची बनाउने वा सडकका संकेतहरू पढ्ने। यी गतिविधिहरूले तपाईंको बच्चालाई कसरी पढाई र लेखाई विभिन्न दैनिक उद्देश्यहरूको लागि प्रयोग गरिन्छ र हामी अन्य पाठहरूका साथै पुस्तकहरू पढ्छौं भन्ने कुरा बुझ्न मद्दत गर्दछ।



## केटाकेटीहरू जसले प्रिन्टले कसरी काम गर्दछ भन्ने जान्दछन्

यदि तपाईंको बच्चाले प्रिन्ट गर्न (छाप्न) जानेको छ भने, पुस्तकको विशेष भागहरु केन्द्रत गर्न सक्नुहुन्छ, जस्तै:

- शिर्षक र उप-शिर्षकहरु
- ब्याख्याहरु
- सूचीहरू
- रेखाचित्र वा ग्राफहरू बुझ्न
- अक्षरको सानो-ठुलो मापन र आकार।

## ठूलो स्वरमा पढ्नु महत्त्वपूर्ण छ


तपाईंको बच्चालाई पढी दिनु भनेको उनीहरूको साक्षरताको विकासलाई सहयोग गर्ने एउटा उत्तम तरिका हो:

- उनीहरूलाई नयाँ शब्दावली सुनाएर
- उनीहरूको बिभिन्न विषयहरूको ज्ञान निर्माण गरेर
- उनीहरूलाई रूचि भएका शिर्षकहरुमा अनुसंधान गराएर।

यसले उनीहरूलाई पढ्ने र लेख्ने सम्बन्धि ध्वनि,आकार र प्रकृयाको परिचित गराउछ। यो रमाईलो पनि हुन सक्छ - प्रदर्शन कला जस्तै!

यदि तपाईं कुनै परिचित कथा पढ्दै हुनुहुन्छ भने, तपाईंको बच्चा सामेल हुन सक्छन्, सार पूरा गर्न सक्दछन वा ताल मिलाउन सक्दछन्। एक पटक भन्दा बढि एउटै कथा पढ्दा फरक पर्दैन। बच्चाहरू एउटै कथा बारम्बार सुन्न मन पराउछन्।

गीत र कविताहरू सुन्ने सुनाउने गर्दा उनीहरूलाई ध्वनी सुन्न र हाम्रै भाषामा प्रस्तुत गर्न मौका मिल्छ।



## पढ्नको लागि केहि खोजेर छान्नु

निश्चित गर्नुहोस् कि तपाईंको बच्चाको लागि घरमा धेरै खाले पढ्ने सामग्री छन जस्तै उपन्यास र सत्यकथा पुस्तकहरु। स्कूल र चलाएका सामान बेच्ने पसलहरू पुस्तक फेला पार्ने उत्कृष्ट ठाउँहरू हुन सक्छन्। तपाईंले अन्य परिवारसँग पुस्तकहरू साट्न पनि सक्नुहुन्छ।

तपाईंको बच्चासँगै पुस्तकहरू छान्ने प्रयास गर्नुहोस्। पुस्तकहरूको बारेमा कुराकानी गर्नाले उनीहरूलाई सहज र परिचित महसुस गर्न मद्दत गर्दछ।

नयाँ पुस्तक एउटा अमुल्य चिज वा उपहार हुनसक्छ।

## तपाईंको घरमा बोल्ने भाषामा पढ्ने

यदि तपाईंको घरमा बोल्ने भाषा अंग्रेजी होईन भने, तपाईंको बच्चालाई तपाईंको घरमा बोल्ने भाषामा पढाउनु महत्त्वपूर्ण छ। घरमा बोल्ने भाषा प्रयोग गर्नाले बच्चालाई अंग्रेजीमा पढ्न मद्दत पुग्छ भन्ने अनुभवले देखाउँदछ।

## हरेक दिन पढ्ने समय निकाल्नुहोस्

टिभी वा फोनको अवरोधहरूबाट टाढा रहेर सँगै पढ्ने विशेष समय मिलाउनुहोस्। तपाईंको बच्चाले सँगै बिताएको समयको कदर गर्दछ। स्क्रिन (विद्युतिय पर्दा)बाट बिश्राम लिने पनि यो एउटा उत्तम तरिका हो।

यदि तपाईंको बच्चा थकित वा चुलबुले छ भने, छोटो समय - करीब ५ मिनेट पढाउने गर्नुहोस्। जब उनीहरूले थेग्न सक्छन्, तब तपाईंले प्रत्येक दिन ५ देखि १० मिनेट सम्म समय बढाउन सक्नुहुन्छ जुन चाहिं हप्तामा एकै चोटी २० मिनेट भरी पढाउनु भन्दा राम्रो हो।



# तपाईंको बच्चा सँगै पढ्ने

## तपाईंको बच्चाको शिक्षकबाट लिएका पुस्तकहरू प्रयोग गर्नुहोस्

घरमा पढ्ने अभ्यास गर्दा, तपाईंको बच्चाको शिक्षकद्वारा प्रदान गरिएका पुस्तकहरू प्रयोग गर्नुहोस्। ति पुस्तकहरुका अक्षरहरू, ध्वनि र शब्दहरू तपाईंको बच्चालाई सिकाईएको सँग मिल्नेछन ।

## जे पढ्नु हुन्छ त्यसकै बारे कुरा गर्दै पढ्नुहोस

तपाईं र तपाईंको बच्चाले पढ्दै जाँदा अहिले सम्म के भयो त्यस बारेमा कुरा गर्नुहोस् र अब के हुन्छ जस्तो लाग्छ भनेर उनलाई सोध्नुहोस्।

किताब पढी सके पछि, कुरा गर्नुहोस् र कथा र चित्रहरूका बारेमा प्रश्नहरू सोध्नुहोस्।

## अफ्ठेरा किताबहरू पालै पिलो संगै पढ्नुहोस

अफ्ठेरा किताबहरू पालै पिलो संगै पढ्नुहोस्। सिकारु पाठकले सरल वा दोहोरिने भागहरू पढ्न सक्दछ। अनुभवी पाठकले अनुच्छेद वा पृष्ठ पढ्न सक्दछ।

नयाँ शब्द आयो भने, रोक्नुहोस र तपाईंको बच्चालाई त्यो शब्दको बारे सोच्न समय दिनुहोस्। उनीहरूलाई शब्द अनुमान गर्न नदिनुहोस् यदि त्यो शब्द तपाईंको बच्चाले पहिले सुनेको छैन भने। ठूलो स्वरमा त्यो शब्द उचराण गर्नुहोस र उनलाई त्यो दोहोऱ्याउन लगाउनुहोस्। यो तरिकाले, तपाईंले उनको शब्द उच्चारण गर्ने तरिका जाँच गर्न पाउनुहुन्छ।

## सँगै पढ्दा ख्याल गर्नु पर्ने कुरा

तपाईंको बच्चालाई निम्न सहयोग गर्नुहोस्:

- अक्षरको ध्वनि प्रयोग गरेर पूरा शब्दको ध्वनी उचराण गर्नुहोस (शब्द अनुमान नगर्नुहोस्)
- शब्दका ध्वनिहरू सँगै मिश्रण गर्नुहोस् (उदाहरण ह्-ओ-प हप, श्-ए-ल्ल शेल, च्-इ-क्क्-ए-न चिकन)
- शब्द दोहोर्याउनुहोस्
- पाठको अर्थ कायम राख्न वाक्य पुनः पढ्नुहोस्
- शब्दको अर्थ बुझाउनुहोस् - कुनै शब्दहरूको एक भन्दा बढी अर्थ हुन्छ
- प्रयास गरेकोमा बच्चालाई प्रशंसा गर्नुहोस्, सिक्दा गल्ती हुने कुरै हो।

बच्चाहरू जो पढ्न सिक्दैछन्, तपाईंले पढिरहनुभएको कथाबाट शब्दहरू निकाल्न अक्षरको ध्वनी वर्गहरू प्रयोग गर्नुहोस्। तपाईंको बच्चालाई शब्द बनाउन लगाउनुहोस र यो तपाईंलाई पढेर सुनाउन लगाउनुहोस्। छोटो वाक्यसम्म बनाउन लगाउनुहोस्।

पढ्न सिक्दा तपाईंको बच्चालाई आफु सफल भएको महसुस गर्न आवश्यक छ। उनीहरूको धेरै प्रशंसा गर्नुहोस र प्रोत्साहन दिनुहोस्। हाम्रा बच्चाहरूलाई अभ्यास गर्ने प्रशस्त अवसरहरू दिएर हामी उनीहरूलाई आत्माविश्वास महसुस गर्न मद्दत गर्न सक्छौं, अत्याउन हैन।




## पढ्ने कुरा जाहिंताहिं छन्

**तपाईंले दिनभर जताततै सिकाउने क्षणहरू पाउन सक्नुहुन्छ।**

गतिविधिहरूमा तपाईंले केही पढ्ने तरिकाहरू समावेश गर्न सक्नुहुन्छ:

- इप्सी जस्ता खेलहरू खेलेर, जुन 'डि'बाट शुरु हुन्छन्
- तपाईंले बच्चा सँगै खाना पकाउँदा तपाईंको बच्चालाई सामान्य परिकार सुत्रहरू पढ्न लगाउनुहोस्
- शब्द मिलाउने वा कोठा भर्ने दिमागी खेलहरूसँगै गर्नुहोस्
- पत्रमन्जुसामा आएका ब्यापारिक पर्चाहरू, सामानका नाम विवरण पर्चाहरू, पुस्तकहरू र सडकका चिन्ह जस्ता दैनिक सामग्रीहरू सँगै पढ्नुहोस्
- बोर्ड खेल सँगै खेल्नुहोस्, बोर्ड वा नियमहरू पढ्नुहोस्
- तपाईंले पढेर सुनाएका कुरा आफ्नो बच्चालाई दोहोर्याउन लगाउनुहोस्
- प्लास्टिकले बनेका अक्षरहरु, रंगिन पेन्सिल्, पेन्सिल, कलम र लेख्ने कागज दिनुहोस्
- तपाईंको बच्चालाई पेन्सिल र रंगिन पेन्सिल समाउन प्रोत्साहित गर्नुहोस्।



### साथीहरू र परिवारसंग गफगाफ गर्नेसमय निकाल्नुहोस्

मौखिक रूपमा कथा सुनाउने गर्दा नयाँ शब्दावली सुनेर बच्चाहरूलाई भाषामा आत्माविश्वास जगाउन मद्दत गर्दछ।

उनीहरूले फोनमा साथीहरू र परिवारसँग पढेर, वा भिडियो च्याट गरेर यो गर्न सक्छन।

परिचित पुस्तकहरू पढ्न, र प्रवाहका लागि अभ्यास गर्न यो उनीहरूको लागि राम्रो मौका हो। तपाईंको बच्चाले कथा प्रस्तुत गर्दा रमाईलो आवाजहरुमा यसलाई पढेर रमाउन सक्दछन्।



## अनलाइनमा पढ्ने स्रोत साधनहरू

हाम्रो लर्निंग एस.ए. वेबसाइट (ourlearning.sa.edu.au) मा तपाईंको बच्चाको साक्षरतालाई टेवा पुर्याउन मद्दत पुग्ने धेरै स्रोतहरू छन्।

सुरु गर्न निम्न केहि राम्रा ठाउँहरू छन्:

- the prior to school section
- the English area of the reception to year 2 section.

Government
of South Australia
Department for Education

थप जानकारीका लागी, हेर्नुहोस
**ourlearning.sa.edu.au**

0420_103